☎: ०७८५७०११६

सुनवल नगरपालिका
SUNWAL MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय, सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Office of The Municipal Executive, Sunwal, Nawalparasi( Bardghat Susta west)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या : ०८३/८४
च.नं.: ३१

सुनवल नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुनवल, नवलपरासी लुम्बिनी प्रदेश, नेपाल

मितिः२०८३|०४|११

श्री बचत तथा ऋण सहकारी संस्था सबै
सुनवल नगरपालिका ।

विषयः निर्देशन सम्बन्धमा ।

सुनवल नगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सुनवल नगरपालिका सहकारी ऐन २०७४ अनुसार कारोबार गर्दै आउनु भएकोमा सुनवल नगरपालिका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौ । यद्यपी सहकारी संस्थाहरुलाई अझ बढी सदस्य केन्द्रीत र मितव्ययी बनाई सुशासन कायम गर्नु पर्ने हामी सबैको साझा जिम्मेवारी भएको हुदा देहायका निर्देशनहरु जारी गरिएको छ ।

**१. साधारण सभा सञ्चालन सम्बन्धमा ।**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२|०५|१७ गते जारी गरेको निर्देशन अनुसार साधारण सभा सञ्चालन गरी सोको संक्षिप्त प्रतिवेदन तयार गरी नियमनकारी निकाय र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको इमेल ठेगानाः**admin@ncra.gov.np**मा सभा सम्पन्न भएको मितिले एक महिना भित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**२. लेखापरीक्षण सम्बन्धमा ।**

सहकारी संस्थाहरुले आ.व.२०८२|८३ को वार्षिक लेखा परीक्षण समयमै गराउनुहुन सूचित गरिन्छ । सो सन्दर्भमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको नियमाकीय मापदण्डको दफा ७ को ७.३ मा भएको व्यवस्था अनुसार लेखा परीक्षण गराउनु पूर्व लेखापरीक्षकको व्यक्तिगत विवरण, कार्य अनुभव र प्रमाणपत्रको प्रमाणित प्रतिलिपि नियमनकारी निकायमा अनिवार्य रुपमा पेश गरी सूचिकृत गराउनु पर्नेछ ।

**३.ऋण वर्गीकरण र ऋण नोक्सानी व्यवस्था सम्भधमा ।**

सहकारी संस्थाहरुले राष्ट्रिय सहकारी नियमनकारी निकायको मापदण्डको बुदा नं ३ अनुसार ऋणको वर्गीकरण गर्नुपर्ने र बुदा नं ४ अनुसार ऋण नोक्सानी व्यवस्था गर्नुपर्ने,प्रत्येक त्रैमास समाप्त भएको १५ दिन भित्र नियमनकारी निकायमा मापदण्डको तालिका नं ३.१ र तालिका नं ३.२अनुसार पेश गर्नु पर्नेछ । साथै सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारीहरु र निजका एकाघरले लिएको ऋण खराब वर्गमा वर्गिकरण भएमा स्वतः पदबाट पदमुक्त हुनेछ ।

०८३-४-११
राजेन्द्र प्रसाद सापकोटा
अधिकृत (आठौं)

*Email: sunwalmunicipality@gmail.com , Website: www.sunwalmun.gov.np*

सुनवल नगरपालिका
**SUNWAL MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय, सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Office of The Municipal Executive, Sunwal, Nawalparasi( Bardghat Susta west)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
☎: ०७८५७०११६

पत्र संख्या : ०८३/८४
च.न.: ३१

सुनवल नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुनवल, नवलपरासी लुम्बिनी प्रदेश, नेपाल

**४. तरलता सम्बन्धमा ।**

सहकारी संस्थाहरुले प्रत्येक महिनाको ७ गतेभित्र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्डको तालिका नं ४.१ अनुसार तरलता विवरण तयार गरी नियमनकारी निकायमा पेश गर्नु पर्नेछ ।

**५. प्राथमिक पूँजी सम्बन्धमा ।**

सहकारी संस्थाहरुले कूल जोखिम भारित सम्पत्तिको न्यूनतम ४ प्रतिशत प्राथमिक पूँजी अनुपात कायम गर्नुपर्नेछ । संस्था न्यूनतम पूँजीकोष कायम नभए सम्म लाभांश घोषण तथा वितरण गर्न पाईनेछैन । साथै संस्थाले प्रत्येक त्रयमास समाप्त भएको एक महिना भित्र तालिका नं ६.१ र तालिका नं ६.२ अनुसार पूँजीकोष सम्बन्धी विवरण तयार गरी निमयनकारी निकायमा पेश गर्नुपर्नेछ ।
सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, राष्ट्रिय सहकारी नियमन प्राधिकरण मापदण्ड तथा निर्देशन विपरित कार्य गरेको पाईएमा कानून बमोजिम कारबाही गरिनेछ ।

२०८३-४-११
राजेन्द्र प्रसाद खापडोटा
अधिकृत (आठौं)